नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

# जिल्ला शिक्षा कार्यालय
## बर्दिया

चलानी नं.
पत्र संख्या :

फोन : ०८४-४२०११३
मिति : २०७१/०५/२०

विषय : **निर्देशन सम्बन्धमा ।**

श्री सम्पूर्ण माध्यमिक र उच्च माध्यमिक विद्यालयहरु
बर्दिया ।

प्रस्तुत विषयमा मिति २०७१ साल भाद्र २० गते उच्च माध्यमिक विद्यालय, बासगढी बर्दियामा सम्पन्न भएको माध्यमिक एवम् उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकहरुको जिल्ला स्तरीय प्र.अ. बैठकले देहायबमोजिम निर्णय गरेको हुँदा कार्यान्वयन गर्न गराउनका लागि अनुरोध गरिन्छ ।

१. गतवर्षको तुलनामा चालु शैक्षिक सत्रमा एस.एल.सी.को उत्तीर्ण दर कम्तिमा १० प्रतिसतले बृद्धि गर्ने र सबै कक्षाको शैक्षिक उपलब्धि दर ५ प्रतिसतको दरले बृद्धि गर्ने ।
२. सिकाइ उपलब्धिमा सुधार गर्नका लागि कम्तिमा कक्षा ८, ९ र १० का विद्यार्थीहरुलाई उनीहरुबाटै सिकाइ सम्बन्धी योजना निर्माण ९ऐब्क० गर्न लगाई सोको कार्यान्वयन गर्ने गराउने ।
३. साक्षर नेपाल अभियानमा विद्यार्थी परिचालन निर्देशिकाले तोकेबमोजिम कक्षा ९ र कक्षा १० का विद्यार्थीहरुलाई परिचालन गरी चालु आ.व.मा नै पूर्ण साक्षर बर्दिया बनाउन योगदान गर्ने ।
४. सबै विद्यालयहरुले आफूलाई पूर्ण साक्षर अभिभावक भएका विद्यालय बनाउन पहल गर्ने ।
५. कक्षा ६ वा सो भन्दा माथिल्ला कक्षाहरुमा शुक्रबार समेत पूरै दिन पठनपाठन गर्ने गरी शैक्षणिक योजना निर्माण गरी लागू गर्ने गराउने ।
७. कक्षा ९-१२ लाई एउटै सिफ्टमा पठनपाठन गर्नु गराउनु पर्ने शिक्षा विभागको निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।
८. वि.व्य.स. गठन नभएका विद्यालयहरुमा अविलम्ब वि.व्य.स. गठन गर्ने ।
९. विद्यालयले आयोजना गर्ने कुनै पनि साँस्कृतिक कार्यक्रमहरुमा विद्यार्थीहरुलाई भड्किला, अस्वाभाविक, अनुपयुक्त र अश्लील जस्ता लाग्ने गीतसङ्गीतमा अभिनय गर्ने गराउने कार्यमा रोक लगाउने र यसको सट्टा शैक्षिक, बालमैत्री र सिकाइमैत्री गीतसङ्गीतको प्रयोग गर्ने गराउने ।
१०. एक विद्यालय एक बगैचाको अवधारणालाई कार्यान्वयन गर्नका लागि हरेक विद्यालयले आफ्नो परिसरमा फूल र विरुवा रोपी बगैचा बनाउने कार्यलाई प्राथमिकता दिने ।
११. अनुदान रकमलाई तोकिएको शीर्षक बमोजिम खर्च गरी हिसाव राख्ने सोको नियमित रुपमा लेखापरक्षिण गर्ने गराउने कार्यलाई प्राथमिकता दिने ।
१२. बाढी पीडित विद्यार्थीहरुलाई ननसेलरी पिसिएफ अनुदान, एवम् विद्यालयको स्वआर्जित रकमबाट सहयोग गर्ने गरी योजना बनाइ कार्यान्वयन गर्ने ।
१३. जिल्ला शिक्षा समिति बर्दियाको मिति २०७१ साल भाद्र ११ गते सम्पूर्ण शिक्षकहरुले बाढी पिडित विद्यार्थीहरुका लागि एक दिनको तलव पारिश्रमिक सहयोग गर्ने भन्ने निर्णयलाई पूर्ण रुपले कार्यान्वयन गर्ने ।
१४. विद्यालयमा भएका सिनियर एवम् स्थायी शिक्षकहरु मध्येबाट प्र.अ. नियुक्ति गर्ने विषयलाई कार्यान्वयन गर्नु गराउनु पर्ने ।
१५.प्राथमिक र निम्न माध्यमिक तहका बिद्यालयका लागि उपयुक्त हुने माथिका निर्देशनहरु लिडर विद्यालयको हैसियतले त्यस्ता विद्यालयहरुलाई कार्यान्वयन गर्नका लागि सहजीकरण गर्ने ।